# शिवसताक्षी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, ब्याङ्गडाडा झापा
## कोशी प्रदेश, नेपाल

प.सं-२०८१/८२(राजश्व)
च.नं.

---

**शिवसताक्षी नगरक्षेत्रबाट उत्पादन हुने फोहोरमैला संकलन तथा व्यवस्थापन सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**

प्रथम पटक सूचना प्रकाशन मितिः- २०८२/०२/२७

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खँण्ड (झ)१० बमोजिम शिवसताक्षी नगरपालिकाको निर्णयानुसार नगरपालिका क्षेत्र भित्रउत्पादन हुने फोहोरमैला संकलन, ढुवानी तथा व्यस्थापन समेतका कार्य गर्न आ.व. २०८२/०८३ को लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले शिलबन्दी दरभाउपत्र सम्वन्धी कागजातमा उल्लेखित शर्तमा देहायम उल्लेखित न्यूनतम ठेक्का अंकमा नघट्ने गरी १५ दिने दरभाउपत्र आव्हान गरिएको छ । सूचना प्रकाशन भएको मितिले तोकिएको म्याद भित्र योग्यता पुगेका फर्म तथा कम्पनिहरुबाट दरभाउपत्र सम्वन्धि कागजात यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

देहायः-

| शिवसताक्षी नगरक्षेत्रका उत्पादन हुने फोहोरमैला संकलन,ढुवानी तथा व्यवस्थापन सम्बन्धी ठेक्का विवरण | | | |
|---|---|---|---|
| ठेक्का नं. SM/IR/WM/03 | | | |
| क्र.सं. | विवरण | आगामि आ.व.२०८२/०८३ को लागि कायम भएको ठेक्का रकम | कैफियत |
| २ | फोहोरमैला संकलन तथा व्यवस्थापन सम्बन्धी ठेक्का | ३०००००/-रु तिन लाख मात्र । | नगरपालिकाले २ वटा ट्रयाक्टर,२ जना चालक, ३ जना सफाई कर्मचारी उपलब्ध गराउने तथा सेवा प्रादायकले इन्धन तथा सवारी मर्मत सम्भार, फोहोरमैला व्यवस्थापन तथा फोहोरमैला शुल्क असुल गर्ने । |

शर्तहरुः-

१. इच्छुक योग्य दरभाउपत्र दाताहरुले कागजात पेश गर्दा ईजाजत प्राप्त फर्म वा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपी, नविकरण भएको दर्ताको प्रमाण पत्रको प्रतिलिपी, मु.अ.क.दर्ता प्रमाण पत्र र आ.व.२०८०।०८१ को कर चुक्ता प्रमाण पत्र को प्रमाणित प्रतिलिपी साथै स्वः घोषणा पत्र संलग्न राखी तोकिएको शिलबन्दी दरभाउपत्रसम्वन्धी कागजातको दस्तुर नगदै रु.१०००।० (पछि फिर्ता नहुने गरी) वा यस नगरपालिकाको नाममा नेपाल इन्भेष्टमेण्ट मेगा बैंक शिवसताक्षी शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ग.१.१ ( २९६०१४००००००१७) मा जम्मा गरी भौचर तथा माथि उल्लेखित गरिएका कागजात पेश गर्नु पर्नेछ।

२. तोकिएका समय भित्र पेश भएका दरभाउपत्रहरु उपस्थित हुन चाहेका दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा शिवसताक्षी नगरपालिकाको कार्यालयमा मिति २०८२/०३/११ गते दिउसो २:०० बजे खोलिनेछ। सो समयमा वोलपत्रदाता वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३. दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा दरभाउपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम गरिनेछ।

# शिवसताक्षी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, ब्याङ्गडाडा झापा
## कोशी प्रदेश, नेपाल

प.सं-२०८१/८२(राजश्व)
च.नं.

४. दरभाउपत्र जसको नाममा खरिद गरिएको हो सोही फर्मको नाममा दाखिला गर्नु पर्नेछ ।

५. कुनै वा सबै दरभाउपत्र, पुरै वा आंशिकरुपमाा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहने छ ।

६. दरभाउपत्र स्वीकृत भएको मितिले १५(पन्द्र) दिन भित्र सम्झौत गर्न यस कार्यालयमा आउनु पर्नेछ। सो अवधि भित्र सम्झौता गरी ठेक्का नलिएमा आवश्यक कानुनी कारवाही गरिने छ ।

७. ठेक्का सम्झौताको समयमा स्वीकृत ठेक्का रकम अग्रिम एकमुष्ट बुझाउनु पर्नेछ ।

८. ठेक्का सम्झौता गर्न बोलाएको निर्धारित समयभित्र आइ सम्झौता गरि कबोल अंक एकमुष्ट बुझाएमा कुल रकमको १० (दश) प्रतिशत छुट दिईनेछ ।

९. ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार बुझाउँनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउँनु पर्नेछ ।

१०. ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन , सम्झौता अवधि विचमा ठकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा १० प्रतिशत व्याज जोडी असुल उपर गरिने छ । यसरी ठेक्का तोडिन गई बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरे भन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्व ठेकेदारबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

११. ठेक्का सम्झौता अवधिका सम्बन्धमा सञ्चालन तथा व्यवस्थापन २०८४ असार मसान्तसम्म कायम रहनेछ र प्रत्येक आ.व.मा ठेक्का अंकमा १० प्रतिशतको बृद्धि हुनेछ ।

१२. मेशिनको सम्पूर्ण सञ्चालन ,व्यवस्थापन तथा मर्मतसंभार, विद्युत/पानी महसुल लगायतका अन्य संचालन खर्च समेत स्वयं ठेकेदारको हुनेछ।

१३. माथि उल्लेखित शर्तहरु वाहेक अन्यका हकमा प्रचलित नेपाल कानून वमोजिम हुनेछ ।

१४. ठेक्का तथा दरभाउपत्र सम्बन्धी आवश्यक कागजात सम्वन्धी अन्य जानकारीको लागि दरभाउपत्रदाताले कार्यालय मार्फत जानकारी प्राप्त गर्न सक्नेछ ।

**ठेक्का सम्बन्धी अन्य विवरण**

| सूचना प्रकाशन मिति | ठेक्का फारम खरिद गर्ने अन्तिम दिन (पन्ध्रौ दिन) | ठेक्का प्रस्ताव पेश गर्ने अन्तिम दिन (सोह्रौ दिन) | कैफियत |
|---|---|---|---|
| २०८२-०२-२७ | २०८२-०३-१० (कार्यलय खुल्ने समय भित्र) | २०८२-०३-११ (दिनको ठीक १२:०० बजे सम्म) | |

............................
प्रमुख प्रशासकीय अधिकृत